दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३२५ | बुटवल | २०८२ मंसिर १९ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday December 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बुटवल–नारायणगढ सडकको काम ७६ प्रतिशत पूरा

**सबैभन्दा सडक जाम भएर सास्ती हुने दाउन्ने खण्डको बाँकी काम चैतसम्ममा सकिने आयोजनाको दाबी छ।**



दाउन्ने खण्डमा निर्माणाधीन सडक। तस्विरः टिआर शर्मा।

**लुम्बिनी संवाददाता**

*बुटवल/नवलपरासी*

नारायणगढ-बुटवल सडक विस्तार आयोजनाको भौतिक प्रगति ७६ प्रतिशत पुगेको छ। आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी शिव खनालकाअनुसार चौथो पटक म्याद थप गरिएको समयसीमाभित्र नै काम सम्पन्न गर्ने लक्ष्यका साथ अहिले कामलाई गति दिइएको छ।

उनका अनुसार पछिल्लो पटक थप भएको म्याद २०८३ असारमा सकिन्छ। हाल उपलब्ध गराएको समयसीमामा काम सम्पन्न गराउनका लागि आफूहरू लागेको सूचना अधिकारी खनालले बताए। उनका अनुसार अहिले पूर्वी खण्डमा काम गर्न बाँकी रहेका सबै जसो क्षेत्रमा धमाधम काम भइरहेको छ।

गैंडाकोटको जय श्री पुल, चोरमारा बजारको पुल, अरुणखोला पुल र दुम्किबासमा कालोपत्रको काम बाँकी रहेको छ। अन्य क्षेत्रमा कालोपत्रको काम सकिएको छ। लामो पुलमा चोरमारा र अरुणखोला मात्र सञ्चालनमा आउन बाँकी रहेकाले सो क्षेत्रमा समेत काम चलिरहेको सूचना अधिकारी खनालले बताए। कालोपत्र सकिएको बजार क्षेत्रमा सर्भिस लेनको कालोपत्र गर्ने काम समेत चलिरहेको छ। त्यसबाहेक सडकबिचको डिभाइडर सफा गर्ने, यस अघि तोकिएकोभन्दा पातलो कालोपत्र गरिएको स्थानमा थप कालोपत्र गर्ने कार्य जारी राखिएको छ।

पूर्व खण्डमा दाउन्ने क्षेत्रमा समेत प्राथमिकता दिएर काम अघि बढाइएको छ। दाउन्ने क्षेत्रमा कल्भर्ट निर्माण अन्तिम चरण रहेको उनले बताए। चैतसम्ममा काम सक्नेगरी कल्भर्ट निर्माणसहित सडक ढलानको काम चलिरहेको उनले बताए।

'दाउन्नेमा कामलाई गति दिएका छौं, चैतसम्ममा आयोजनाको बाँकी चौध प्रतिशत कामसमेत सकिन्छ।'- सूचना अधिकारी खनालले भने।

नारायणगढ-बुटवल सडक विस्तार २०७५ साल माघ २४ गते सम्झौता भएर २०७९ साल साउन २२ गते सम्पन्न गर्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालि काम सुरु गरेको थियो। नारायणगढ-बुटवल सडकको कुल ११३ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो।

निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउन ८ गतेसम्मका लागि दोस्रोपटक म्याद थप भएको थियो। यस अवधिमा समेत काम सम्पन्न भएपछि गत साउनमा २०८२ साउन ८ गतेसम्मका लागि तेस्रो पटक म्याद थप गरिएको थियो। अहिले चौथो पटक म्याद थप गरेर काम अघि बढिरहेको छ।

एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कुल १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रुपैयाँ लागत रहेको छ। ११३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ छ/छ मिटरको सर्भिस लेन हुनेछ। दाउन्नको चौध किलोमिटर क्षेत्रमा तीन लेनको सडक निर्माण हुनेछ।

## एनपीएल:
## सुदूरपश्चिम पहिलो 'क्वालिफायर'मा



बुटवल। चितवन राइनोजलाई हराउँदै सुदूरपश्चिम रोयल्स पहिलो 'क्वालिफायर'मा पुगेको छ भने विराटनगर किंग्सको पनि 'प्लेअफ'मा स्थान सुरक्षित भएको छ। सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)मा बिहीबार साँझ चितवनलाई ४९ रनले हराउँदै सुदूरपश्चिम पहिलो 'क्वालिफायर'मा पुगेको हो। सुदूरपश्चिमले अहिलेसम्म खेलेका ६ वटै खेल जितेको छ। लिग चरणमा अपराजित रहेको सुदूरपश्चिम १२ अंकसहित अंक तालिकाको शीर्षस्थानमा छ।

यो हारसँगै चितवनको 'प्लेअफ'को बाटो कठिन बनेको छ। अहिलेसम्म खेलेका ६ खेलमध्ये चार हार ब्यहोरेको चितवनको दुई जितसहित चार अंक छ। अब अन्तिम खेल जितेमा ६ अंक हुनेछ। चितवनलाई 'प्लेअफ'मा पुग्न अन्तिम खेल जितेर मात्रै हुँदैन, अरु टोलीको खेलमा निर्भर हुनुपर्छ।

खेलसँगै अन्तिम चारमा पुग्ने तेस्रो टोली पनि पक्का भएको छ। सुदूरपश्चिम यसअघि नै अन्तिम चारमा पुगेको थियो भने काठमाडौं गोर्खाज बिहीबार दिउँसो भएको खेलमा पोखरालाई पराजित गर्दै अन्तिम चारमा पुगेको हो। काठमाडौं लिग चरणका सातमध्ये पाँच खेलमा जित र दुई खेलमा हार ब्यहोर्दै १० अंकसहित दोस्रो स्थानमा छ।

चितवन पराजित भएसँगै विराटनगरको 'प्लेअफ' स्थान सुरक्षित भएको छ।

» *बाँकी ३ पेजमा*

## एमाले महाधिवेशन :
## प्रतिनिधि छनोटमा एकलौटी : पोखरेल पक्ष

बुटवल। नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विभिन्न जिल्लामा भएको प्रतिनिधि छनोटका क्रममा एकलौटी गरेको भन्दै गुनासो गरेका छन्।

नेता पोखरेलसहित उपाध्यक्ष सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, योगेश भट्टराईलगायतका नेताहरू बिहीबार ओली निवास गुण्डु पुगेर प्रतिनिधि चयनमा भएको विवादबारे अध्यक्ष ओलीलाई ध्यानाकर्षण गराएका हुन्। ओखलढुङ्गा, धनकुटा र दाङलगायतका केही जिल्लामा एमाले महाधिवेशन प्रतिनिधि छनोटका क्रममा विवाद भएको थियो।

सोही विषयमा पोखरेलसहितका नेताहरू ओलीलाई भेट्न गुण्डु पुगेका हुन्। ती जिल्लामा छनोट भएका प्रतिनिधिलाई सङ्गठन विभागले अस्वीकार गर्दै पुनः निर्वाचन प्रक्रिया अघि बढाउन निर्देशन दिएको थियो। ओखलढुङ्गामा पोखरेल पक्षकामात्रै प्रतिनिधि छनोट भएका थिए भने धनकुटामा ओली पक्षका र दाङमा शंकर पोखरेल पक्षका मात्र छनोट भएका थिए।

'उहाँहरूको कन्सर्न ओखलढुङ्गामा थियो। त्यहाँ छनोट भएका प्रतिनिधि नखोसिउन् भन्ने हो', ओली निकट एक नेताले भने-'खासगरी प्रतिनिधि छनोटमा विवाद देखिएका स्थानमा चासो देखाएर कुरा गर्नुभयो।'

» *बाँकी ३ पेजमा*

# पूर्व बैंकर खड्का नर्सरी व्यवसायमा रमाउँदै

५० लाख लगानीमा सुरु भएको व्यवसायमा थप एक करोड लगानी गरी शंकरनगर चोकमा नयाँ बिक्री केन्द्र सञ्चालनमा ल्याइएको हो।



**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्व बैंकर तिलोत्तमा-१ जानकीनगरका भक्त खड्काको तीन वर्षयताको दैनिकी फेरिएको छ। बैंकको वातानुकुलित कोठामा घुम्ने कुर्सीमा बसेर अरुलाई काम अह्राएर पुग्ने खड्काले सजिलो जागिरे जीवनलाई बीट मार्दै हरियाली प्रवर्धन र वातावरण संरक्षणसँगै व्यवसाय पनि हुने ठहर गर्दै नर्सरी व्यवसायमा होमिएका छन्।

एक दशक बेलायतमा समेत बसेका खड्काले व्यवसाय सुरु गर्नुअघिदेखि नै घरको वरिपरि बोटबिरुवा रोपेर घरको वातावरणलाई हरियाली बनाउँदै आएका थिए। खासमा उनी विश्वभर बढ्दो तापक्रम, जलवायु परिवर्तनले मानव जीवनमा पार्ने असर जस्ता वातावरणसँग सम्बन्धित विषयमा गहिरो चासो र चिन्ता राख्थे। त्यसैले आफ्नो घर मात्र नभई समुदायलाई नै घर आँगन, करेसाबारी र कौसीमा विभिन्न जातका बिरुवा रोपेर घरको सौन्दर्यीकरण र वातावरण संरक्षणमा पनि योगदान पुराउने उद्देश्यले खड्काले घरमै चेरिस नर्सरी स्थापना गरी आफ्नो शोखलाई व्यवसायमा बदले।

'सर्वत्र हरियाली विकास गरौं, वातावरण जोगाऔं र भावी सन्ततिलाई बाँच्न पाउने अधिकार सुनिश्चित गरौं' भन्ने नारासहित उनले जानकीनगरमा करिब २ कठ्ठा जग्गामा सुरु गरेको नर्सरीमा उनले शो प्लान्ट, फलफूललगायत ५०० प्रजातिका बिरुवाहरु उत्पादन र बिक्री सुरु गरिरहेको बताए। सिद्धार्थ केबलकारको बटम स्टेशनमा चेरिस नर्सरीले गरेको गार्डेनिङ लोकप्रिय भएपछि ग्राहकको चाप र बिरुवाको माग बढ्न थालेपछि शंकरनगर चोकमा शाखा विस्तार गरेको खड्का बताउँछन्।

नर्सरीसँग सम्बन्धित सबै सेवासँगै प्राविधिक परामर्श समेत दिने गरेको खड्काले बताए। खड्काले नर्सरी व्यवसायलाई प्रविधिसँग जोडेर आधुनिकरण गरी उद्योगमा रुपानन्तरण गर्न सकिने र प्रशस्त रोजगारी सिर्जना गरी अर्थतन्त्रमा योगदान दिन सकिने प्रचूर सम्भावना रहेको बताए

चेरिस नर्सरीमा खड्कासँगै उनकी पत्नी लिला थापा क्षेत्रीले समेत साथ दिएकी छन्। 'बैंकमा कुर्सीमा बसेर दिन बिताउने स्मार्ट जागिरे जीवनभन्दा माटो र बोट बिरुवासँग खेल्दै व्यवसायसँगै वातावरण संरक्षण र हरियाली प्रवर्धनमा योगदान गर्न पाउँदा नर्सरी व्यवसायमै आनन्द आएको छ।'-खड्काले भने।

चेरिस नर्सरीको नयाँ बिक्री केन्द्र शंकरनगर शाखाको एक समारोहकाबिच परिवारकै जेष्ठ सदस्य देवीराम थापा र तामकुमारी थापाले उद्घाटन गरेका छन्। उद्घाटनपछि बोल्दै तिलोत्तमाका नगरप्रमुख रामकृष्ण खाँणले नर्सरीहरुले वातावरण संरक्षण, घर र नगरको सौन्दर्यीकरण, रोजगारी सिर्जना, आर्थिक क्षेत्रमा पनि सकारात्मक प्रभाव पार्ने भन्दै नगरपालिकाले नर्सरी व्यवसाय प्रवर्धनमा सहयोग गर्ने प्रतिबद्धता जनाए।

नर्सरीमा पाँच जना स्थायी र अन्य ज्यालादारी श्रमिकले गार्डेनिङमा काम गर्छन्। चेरिस नर्सरीमा १० रुपैयाँदेखि १० हजार रुपैयाँसम्मका बिरुवा पाइने खड्काले जानकारी दिए। शंकरनगर शाखा उद्घाटनका अवसरमा मंसिर २० गतेसम्म विशेष छुट दिइएको उनले बताए।

गैंडहवा गाउँपालिकाको अनुरोध

डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- पानी राखेका भाडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने, गरी झ्याल ढोकामा जाली बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं,
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी,

फूलदानी, गमला राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

अनुरोधक :

गैंडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, रूपन्देही, नेपाल

# सम्पादकीय

## न्यायको लडाइँ

छोरा कृष्णप्रसाद अधिकारीको हत्याको अनुसन्धान गरी दोषीलाई कारबाहीको माग गर्दै अनशन बसेका बाबु नन्दप्रसाद अधिकारीको निधन भएको ११ वर्ष बित्यो। नन्दप्रसादको अझै अन्तिम संस्कार भएको छैन, शव शिक्षण अस्पतालमै रहेको छ। नन्दप्रसादकि श्रीमती गंगामाया वीर अस्पतालमा छिन् । गोरखाबाट चितवन आएका कृष्णप्रसादलाई माओवादी कार्यकर्ताले हत्या गरेको आशंका छ । छोराको हत्याको अनुसन्धान गर्न आग्रह गर्दै आएका उनीहरुको आवाज राज्यले नसुनेपछि उनीहरु अनशन बसेका थिए । नन्दप्रसादले अनशन बस्दाबस्दै ज्यान गुमाए। गंगामाया पनि अस्पतालमै थला परकी छिन् ।

नन्दप्रसाद र गंगामायाले न्यायका लागि गरेको यो संघर्ष लोकतान्त्रिक व्यवस्थामा विधिको शासन स्थापनाका लागि गरेको अतुलनीय संघर्ष हो। यो संघर्ष केवल नन्दप्रसाद र गंगामायाको मात्रै होइन्। यो शासन सञ्चालनमा बस्नेहरुको गैरजिम्मेवारीपनविरुद्धको आवाज हो। शासन केवल कुर्सी र पदमा बसेर मात्रै हुँदैन, नागरिकका समस्या र गुनासाको सम्बोधन पनि गर्न सक्नुपर्छ। नागरिक न्यायका लागि तड्पिनुपर्ने तर शासक जिम्मेवार बन्नु नपर्ने प्रवृत्तिविरुद्धको प्रहार हो।

नन्दप्रसादले देहत्याग गरेको २०७१ साल असोज ६ गते हो। यो बिचमा धेरै सरकार फेरिए। अहिलेका शीर्ष नेता केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रधानमन्त्री भए। उनीहरुले उठाएको मागको सम्बोधन गर्न पटक्कै चासो दिएनन्। त्यो घटनापछि प्रधानमन्त्री भएका सुशील कोइराला अहिले जीवित छैनन् । अनशन बसेका व्यक्ति मरे, अनशनकारीसँगै माग सेलायो भन्ने सरकार र दलका नेताहरुलाई परेको हुनसक्छ । नन्दप्रसाद अस्ताए, गंगामाया पनि अस्पतालको शैयामा छिन् । सरकार फेरिए, सडकमा अनेकथरी आवाज उठे । तर नन्दप्रसाद र गंगामायाको न्यायको आवाज कसैले बोलेन्। केवल केही मानवअधिकार कर्मीले बोले। उनीहरुको आवाज मधुरो भयो।

त्यतिखेर मानवअधिकारकर्मीसँगै बोल्नेमा अहिलेकी प्रधानमन्त्री सुशीला कार्की पनि थिइन्। गंगामायाले न्याय पाउनुपर्छ भन्ने कार्कीलाई अहिले न्याय दिलाउने अवसर आएको छ । कृष्णप्रसादको हत्याको अनुसन्धान अघि बढाउन सक्दा र नन्दप्रसादको अन्तिम संस्कार गर्न सक्दा अहिलेका लागि महत्वपूर्ण काम हुनसक्छ । कानुनी शासनको लागि यो काम महत्वपूर्ण कोसेढुङ्गा हुनसक्छ।

नन्दप्रसाद र गंगामायाको न्यायको लडाइँ आम नेपालीको आवाज हो। हिजो नन्दप्रसादको आवाज सुनिएन्, आज गंगामाया अस्पतालको शैयामा छिन्, यो घटनाप्रति बेवास्ता गर्दा राज्यप्रति नागरिकको आक्रोश बढ्न सक्छ, त्यो आक्रोश विष्फोट हुनसक्छ । न्यायको लडाइँमा धेरै लामबद्ध हुनसक्छन्, तसर्थ कोही एक्लै छ भनेर बेवास्ता गर्ने काम किमार्थ उचित होइन्।

# साम्राज्यवाद नेपाल छोड





विनबहादुर कुँवर

अन्तर साम्राज्यवादी द्वन्द्वकै कारण आज युक्रेनको हालत के भयो ? साम्राज्यवादी दलाल जेलेस्कीकै कारण आज युक्रेन अमेरकी तथा रुसी साम्राज्यवादकै नव औपनिवेशिक मुलुक बन्ने तरखरमा छ। ठीक यसैगरी अब नेपाल पनि त्यही दोबाटोमा पुगिसकेको छ। अब ढिला नगरी साम्राज्यवाद विरोधी आम नेपाली देशभक्त, जनवादी संयुक्त मोर्चा बनाई पेरुमा जस्तै 'याङ्की गो होम' अर्थात् साम्राज्यवाद नेपाल छोडको नारा लिई संघर्षमा जुटौं।

जेनजी आन्दोलन सम्पन्न भएको पनि तीन महिना पुग्न लागेको छ। तर यसले उठाएका प्रमुख माग अहिलेसम्म पनि पूरा हुनु त कता हो कता सामान्य चर्चा नै हुन छाडिसकेको छ। स्वयं जेनजी आन्दोलनको जगमा बनाइएको वर्तमान सुशीला कार्की नेतृत्वको सरकारले समेत जेनजीका यी सबै मागहरुलाई पूर्णरुपले बेवास्ता गर्दै अघि बढिरहेको छ। खाली अब हुने भनिएको फागुन २१ को आम निर्वाचनतिर मात्र केन्द्रित भएको देखाउने प्रयत्न गरिरहेको छ। तर आम निर्वाचन पनि हुन्छ कि हुन्न कुनै निश्चित छैन। आखिर जेनजीलाई माछो माछो भ्यागुतो, न यता न उता बेवारिसे र आम जनतालाई खाली हात्ती आयो फुस्सा अनि पुराना दल नेताहरु खास गरी कांग्रेस-एमाले र प्रचण्ड-माधव नेकपालाई हाइसञ्चो भएको छ।

हुन त जेनजीहरुले उठाएका यी सबै माग भने कुनै नयाँ मागहरु होइन। बारम्बार अरु नेपालका राजनीतिक दल संघसंस्था र संगठनहरुले उठाउँदै आएका मागहरु हुन्। यतिसम्मकि हिजोका पञ्चे-मण्डले दलहरुले पनि भन्ने गरेको माग जस्तो राप्रपाका सभापति लिङदेनले दिनहुँ हरेक कार्यक्रममा बोल्दा भन्ने नारा 'भ्रष्टाचार गर्नु आमाको रगत खानु जस्तै हो।' त्यस्तै एमाले अध्यक्ष केपी ओलीको अर्को नारा म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिन्न। आदि जस्ता भ्रष्टाचार, सुशासन र बेरोजगारका विषयमा धेरै यस्ता नारा भनिएका थिए। हिजोका पञ्चे मण्डले, कांग्रेस-एमाले र माओवादी आदि सबैका नारा यिनै थिए। तर दैनिक व्यवहारमा यी सबै यिनीहरुका फोस्रा बाहिर देखाउने नारा मात्रै थिए। हात्तीका देखाउने दाँत मात्रै थिए। तर खाने दाँत अर्कै भित्रभित्रै अनेकौं। बुझिनसक्नु करोडौं अरबौं र खरबौं बराबरको भ्रष्टाचार। सरकार बनाएको र सरकारमा पुगेका जो कोही पनि चोखो छँदै छैनन्। कुनै न कुनै भ्रष्टाचारजन्य घटना र काण्डमा मुछिएकै छन्। यतिसम्मकि पछिल्ला यी पुराना दलहरुको यस्तै काण्डहरुलाई विरोध गर्दै उदाएका नयाँ वैकल्पिक शक्ति जस्तो रास्वपाका रवि लामिछाने, ना.उ.पा. पार्टीका रेशम-रञ्जिता अनि जनमतका डा. सिके राहतहरु पनि यस्तै काण्डमा मुछिने गरेका छन्। रवि लामिछाने त करोडौं सहकारी रकम ठगी काण्डमा जेलमै छन्। त्यतै रंजिता श्रेष्ठको पनि अख्तियारमा मुद्दा छ। यसरी यी सबै एकपछि अर्को रुपमा यस्तै भ्रष्टाचारजन्य काण्डमा मुछिइसकेका छन्।

यसपछि अहिले नेपाली नागरिकहरुको नजर काठमाडौंका मेयर बालेन, धरानका मेयर हर्क साम्पाङ र धनगढीका मेयर आदिप्रति जाने गरेको छ। सुरुसुरुमा यस्तै पहिले सबै चर्चामा आउँछन् जस्तो हिजो कांग्रेस पछि एमाले अनि पछि माओवादी, रवि लामिछाने रास्वपा आदि। तर विस्तारै यी सबै क्रमशः एकपछि अर्को रुपमा राज्य सत्ताबाट मठारिँदै र तिखारिँदै अन्ततः भ्रष्टाचारीमा रंगिदै जान्छन्। शुद्ध र चोखा जो कोही पनि रहने देखिदैन। किनकि यो देशको राज्य सत्ता नै यस्तै छ। सामन्ती, दलाल र नोकरशाही बुर्जुवा। जसमा भ्रष्टचार, ठगी, लुट, शोषण, अन्याय, अत्याचार, हत्या, हिंसा आदि यसको वर्गीय चरित्र नै हो। संगत गुनाको फल अर्थात् यस्तो राज्य सत्ताको फोहरी आहालमा पसेपछि शुद्ध र चोखो कोही पनि हुनेवाला छैन। १० वर्षे माओवादी जनयुद्ध लडिआएका नेता प्रचण्ड-बाबुराम-बादल-महरा-वर्षमानपुन, जनार्दनलगायत प्रायः धेरै जसो माओवादी नेताहरुको स्थिति अहिले कहाँबाट कहाँ पुग्यो ? आम नेपाली जनताहरुले एकदमै नजिकबाट देखिसकेका छन्। त्यही भएर त जेनजीहरुले यिनीहरुका घरमा आगजनी र तोडफोड आदि गरे। त्यसैले अब 'कस्ता-कस्ता कहाँ गए मुसाका छोरा दरबार' भने जस्तै बालेन, हर्क साम्पाङ, कुलमान घिसिङ आदिहरुले अब देश र जनतामा केही गर्छन् भनी सोच्नु तत्कालका लागि पिसाबको ओभानो भने जस्तै हो।

हिजो जेनजीहरुलाई आन्दोलनमा उतार्न, तोडफोड र आगजनीमा रमाई तत्कालीन प्रधानमन्त्री केपी ओलीले पदबाट राजीनामा दिएर मात्र पुग्छ ? कडा कारबाही गरी जेल हाल्नुपर्दछ भनी कुर्लिने हालकी प्रधानमन्त्री सुशीला कार्की अहिले प्रधानमन्त्री भएको पनि ४ महिना पुग्नै लागेको छ। खै त केपी ओलीलाई जेल हालेको ? जेल त के अहिलेसम्म एउटा सामान्य सोधपुछ र बयान लिन समेत नसक्ने यो सरकार र यसले बनाएको आयोग त्यत्तिकै बेकम्मा भइसकेको छ। वास्तवमा केपी ओलीले पटकपटक यो सरकारलाई हाईहुईको सरकार भन्ने गरेको ठीकै रहेछ। त्यही भएर यदि सुशीला कार्कीको राजनीतिक नैतिकता भए प्रधानमन्त्रीको पदबाट अहिले नै बर्खास्तीमा पर्नुभन्दा तत्काल राजीनामा गरिहाल्नु उनका लागि राम्रो हुनेछ। स्वयं धेरै जसो जेनजीहरुको पनि यो माग गरिरहेका छन्। हुन पनि बोकेका कुकुरले कहिले पो मृग मारेको छ र ?

यसरी यति छिट्टै प्रम सुशीला कार्की राजनीतिक रुपमा बेकम्मा अर्थात नागिङ्गनुका पछाडि केही कारणहरु छन्। पहिलो कारण त माथि भने जस्तै राज्य सत्ताकै स्वरुपको छ। हुनत कार्की समेत यही राज्य सत्ताकै पालन पोषण र जुठोपुरो खाई पाई आएकी एउटा पूर्व नोकरशाही कर्मचारी हुन्। यसको बारेमा त्यति भन्नु नपर्ला। फेरि यही सत्ताको जुठोपुरो खान आएर फेरि यही सत्ताको बर्खिलाप गर्न खोज्नु कति उचित छ ? राजनीतिक दल, सेना, प्रहरी, कर्मचारी सबै यही राज्य सत्ताकै अंगहरु हुन्। एउटा अंगले अरु शासकीय अंगमाथि धावा बोल्न खोज्दा अरु बाँकी अंग चुप लागि बस्ने कुरै थिएन। नेपाल प्रहरी र कर्मचारीले सहयोग नगरेको गुनासो गौरी कार्की आयोगको छ। यतिसम्मकि अहिले पछिल्लो अवस्थामा स्वयं सेनाले पनि भाद्र २३ र २४ मा घटाइएको घटनाको यथार्थ रिपोर्ट आयोगलाई नबुझाएको भन्ने समाचार बाहिरिएको छ। अनि त हुनु परेन प्रम सुशीला कार्की र छानबिन आयोगका संयोजक गौरीबहादुर कार्की नालायक, बेकम्पा र जोक्कर ?

त्यस्तै अर्को मूल कारण अन्तर्राष्ट्रिय शक्तिहरुबिचको अन्तरसंघर्षको छ । यो सबैलाई प्रष्ट भइसकेको छ कि जेनजी आन्दोलनका पछाडि एउटा ठूलो साम्राज्यवादी डिजाइनले काम गरेको छ। यस्ता आन्दोलन नेपालमा मात्र होइन विश्वका अरु थुप्रै मुलुकमा पनि भएको छ। यी सबै मुलुकहरुमा यस्ता आन्दोलनका लागि ठूलो साम्राज्यवादी लगानी छ। नेपालमा जेनजी आन्दोलनको मूल कारण सामाजिक सञ्जालमाथिको प्रतिबन्ध अनि सुशासन र भ्रष्टाचार हो भन्ने गरिएको छ। तर यो बाहिरी देखावटी कारण मात्रै हो। खास भित्री कारण त अर्कै छ त्यो हो अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुबिचको प्रतिस्पर्धा र हस्तक्षेप अर्थात् अमेरिका, भारत र चीनबिचको प्रतिस्पर्धा। अझ छोटकरीमा भन्दा अमेरिकी परियोजना एमसीसी र एसपीपी त्यसपछि चिनियाँ विश्व परियोजना विआरआइबिचको प्रतिस्पर्धा। साथै भारतको यी दुवैमा भन्दा अलि फरक नेपालको चुच्चे नक्सा र तत्कालीन प्रम ओलीको चीन भ्रमण र चिनियाँ शैन्य परेडमा सहभागिता।

अमेरिका चीन विरोधी मोर्चा निर्माण गरी नेपाली भूमिलाई त्यसको अखडा बनाउन चाहान्छ भने चीन त्यसको विरुद्धमा छ। तर भारत अहिले न यता न उता तर यी दुवै राष्ट्रबाट मौकाको फाइदा लिन चाहान्छ। भारत एकातिर नेपालको चुच्चे नक्साको बारेमा चीनलाई मौनता अर्थात् बेवास्ता गराउन चाहान्छ भने अर्कोतिर अप्रत्यक्ष सहयोग गरी अमेरिकालाई नेपाल भित्राई चीनलाई पनि तह लगाउन खोजेको छ। यही त्रिपक्षी अमेरिका-चीन र भारतबिचको साम्राज्यवादी होडबाजी र प्रतिस्पर्धाकै उपज थियो, यो जेनजी आन्दोलन। नेपालमा भारतको एउटा मटेङ्गाले दुईवटा चरा खसाल्ने दाउँ थियो। त्यो एक प्रकारले सफल पनि भयो। ओलीको विकल्पमा सुशीला सत्तामा। तर यो भारतीय दाउँ अमेरिकालाई मन परेन। त्यही भएर अब सुशीलाको विकल्पको खोजी भइसकेको छ। ढिलो चाँडो अब भारत-अमेरिकी मध्यमार्गी नेपाली दल अनि व्यक्तिकै नेतृत्वमा अर्को साम्राज्यवादी दलाल सरकार नेपालमा बन्ने सम्भावना बढेर गएको छ।

यसरी नेपाल अहिले त्रिपक्षीय साम्राज्यवादी स्वार्थको होडबाजीमा अग्रसर छ। यहाँ कुनै बेला जे पनि हुन सक्छ। त्यसैले देशभक्त तथा जनवादी आम जनसमुदायहरु सचेत हुनु पऱ्यो। सचेत मात्रै होइन देशको राष्ट्रियता र स्वाभिमानका लागि अग्रसर नै हुन पऱ्यो। देशभक्त-राष्ट्रवादी अनि विदेशी दलालबीच कित्ताकाट गराउनु पऱ्यो। नेपाल रहे, नेपाली हुने हो। देश रहे पार्टी हुने हो। देशै नरहे के को पार्टी-कांग्रेस, एमाले, माओवादी आदि हुने हो ? त्यसैले देशभन्दा माथि हामी कोही पनि छैनौ। साम्राज्यवाद रहेसम्म देश स्वतन्त्र हुनै सक्दैन। अन्तर साम्राज्यवादी द्वन्द्वकै कारण आज युक्रेनको हालत के भयो ? साम्राज्यवादी दलाल जेलेस्कीकै कारण आज युक्रेन अमेरकी तथा रुसी साम्राज्यवादकै नव औपनिवेशिक मुलुक बन्ने तरखरमा छ। ठीक यसैगरी अब नेपाल पनि त्यही दोबाटोमा पुगिसकेको छ। अब ढिला नगरी साम्राज्यवाद विरोधी आम नेपाली देशभक्त, जनवादी संयुक्त मोर्चा बनाई पेरुमा जस्तै 'याङ्की गो होम' अर्थात् साम्राज्यवाद नेपाल छोडको नारा लिई संघर्षमा जुटौं।

## बजारमा दुई दर्जन इन्टरनेट कम्पनी, सबैभन्दा बढी हिस्सा वर्ल्ड लिंकको



काठमाडौं । नेपाली बजारमा इन्टरनेट कम्पनीहरूको बाढी नै छ। करिब दुई दर्जन बढी कम्पनीहरू प्रतिष्पर्धामा छन् । उनीहरूले सेवा प्रवाहलाई गुणस्तरीय बनाउनभन्दा पनि ग्राहक संख्या बढाउन होडबाजी गरिरहेका हुन्छन्।

वर्ल्डलिंक, डिसहोम, नेपाट टेलिकमसहित करिब दुई दर्जन कम्पनीको अहिले बजारमा हालिमुहाली छ। बजारमा प्रतिष्पर्धा गर्नेमध्ये सबैभन्दा बढी बजार हिस्सा वर्ल्ड लिंकको रहेको नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ।

प्राधिकरणकाअनुसार असोजसम्ममा बजार हिस्साको हिसाबले वर्ल्ड लिंकका सबैभन्दा ग्राहक छन्। वर्ल्ड लिंकका ग्राहक १० लाख ३६ हजार पुगेका छन् भने इन्टरनेट कम्पनीहरूमा सबैभन्दा बढी बजार हिस्सा कायम गर्न सफल वर्ल्ड लिंक पछिको डिसहोम हो।

डिसहोमका ग्राहक ३ लाख ७७ हजार पुगेका छन्। बजार हिस्साको हिसावले तेस्रो नम्बरमा सरकारी लगानी रहेको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) रहेको छ। टेलिकमका ग्राहक ३ लाख ६० हजार पुगेका छन्।

बजार हिस्साको रुपमा चौथो नम्बरमा भायनेट रहेको छ। बजार विस्तारमा आक्रामक देखिएको भायनेटका ग्राहक ३ लाख २५ हजार पुगेका छन् भने पाँचौ नम्बरमा क्लासिक टेक रहेको छ। क्लासिक टेकले असोज मसान्तसम्मा २ लाख ५९ हजार ग्राहक संख्या पुऱ्याएको छ।

बजार हिस्साका रुपमा छैटौं नम्बरमा सुबिसु इन्टरनेट देखिएको छ। सुबिसुका ग्राहक २ लाख ५४ हजार पुगेका छन् भने सातौं नम्बरमा वेभसफर देखिएको छ। अहिले बजारमा वेभसफरका ग्राहक १ लाख ७६ हजार रहेका छन्।

यस्तै बजार हिस्साको हिसावले आठौं नम्बरमा टेकमाइन्सले देखिएको छ। टेकमाइन्सका ग्राहक १ लाख १५ हजार रहेका छन् भने नबौं नम्बरमा वाइफाई नेपाल, दशौं नम्बरमा सिजि कम्युनिकेशन रहेको छ।

इन्टरनेट कम्पनीहरुले यसरी ग्राहक तानातानमा उत्रिएका छन्। अहिले पनि उपभोक्ता भने इन्टरनेट प्रयोगमा सन्तुष्ट देखिँदैनन् । इन्टरनेट प्रदायक कम्पनीहरुले इन्टरनेटमा देखिएका समस्याहरु समाधानमा समयमै समाधान गर्न चासो नदेखाउने गरेको गुनासाहरु गर्ने गरेका छन्।

## उपयोगी नीम

नीममा रहेका गुणहरूले अनेकौं रोगको उपचार काम गर्छन्।

यसका औषधीय गुणका कारण आयुर्वेदमा यसको प्रयोग हजारौं वर्षदेखि हुँदै आइरहेको छ।

नीमलाई संस्कृतमा अरिष्ट भनिन्छ जसको अर्थ लाग्छ श्रेष्ठ, पूर्ण र कहिल्यै खराब नहुने।

नीमका डाँठ, जरा, बोक्रा र फल सबैमा शक्तिवर्द्धक तत्व विद्यमान हुन्छन् अनि रोगविरुद्ध लड्छन्।

यसको बोक्रा विशेषगरी औलो र छालासम्बन्धी रोग निको पार्नका लागि उपयोगी हुन्छन्।

नीममा मधुमेह, क्यान्सर, मुटुरोग, एलर्जीलगायतका कैयौं रोगसँग लड्ने क्षमता हुन्छ। आयुर्वेदमा यसलाई सर्वरोगनिवारिणी भनिएको छ।

पृथ्वीमा जीवन सूर्यको शक्तिबाट नै चलेको हुन्छ। सूर्यको ऊर्जाबाट जन्मेको तमाम जीवहरूमा नीमले नै सबभन्दा बढी सूर्य ऊर्जा सोसेको छ।

त्यसैले यसलाई रोगनिवारक मानिएको छ।

नीमको एक पातमा १५० भन्दा धेरै रासायनिक प्रबन्ध हुन्छ। यस धर्तीमा पाइने पातहरूमा नीमको पात नै सबैभन्दा जटिल हुन्छ।

नीमको पातले मानसिक रोग, दन्तरोग, छालाको रोग लगायत धेरै रोग निको पार्छ।

तपाईंले घरमा नीम रोप्नुभएको छ भने तपाईंमा यसको राम्रो प्रभाव पर्छ।

शरीरमा करोडौं ब्याक्टेरिया हुन्छन् । तीमध्ये धेरैजसो ब्याक्टेरियाहरू हानिकारक हुन्छन्।

ती हानिकारक ब्याक्टेरियालाई मार्नका लागि नुहाउनुअघि शरीरमा नीमको लेप लगाउनुस् र शरीरमै सुक्न दिनुस् । त्यसपछि पानीले मजाले धुनुस् । तपाईंको शरीरका सारा ब्याक्टेरिया नष्ट हुन्छन्।

यसको विकल्पमा नीमका केही पात पानीमा राखेर रातभरि छोडिदिनुस् अनि बिहान उठेर त्यो पानीले शरीर नुहाउनुस्।

नीमले तपाईंको शरीर प्रणालीलाई सफा राख्छ। यसले गर्मी पैदा गर्छ र शरीरमा तीव्र एवं प्रचण्ड ऊर्जा उत्पन्न गराउँछ।

-एजेन्सी

**सुदूरपश्चिम...**

विराटनगर लिग चरणका ६ मध्ये दुई खेलमा हार र चार खेलमा जितसहित आठ अंक बटुर तेस्रो स्थानमा छ। अब अन्तिम चारको एक स्थानका लागि चार टोली लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, जनकपुर बोल्टस् र चितवन राइनोज प्रतिस्पर्धामा छन् । शुक्रबार जनकपुरसँग हुने लिग चरणको आफ्नो अन्तिम खेल जितेमा लुम्बिनी आठ अंकसहित 'प्लेअफ'मा पुग्नेछ भने अन्य तीन टोलीको यात्रा टुंगिनेछ।

शुक्रबारको खेल जनकपुरले जितेमा भने 'प्लेअफ'को प्रतिस्पर्धा रोचक बन्नेछ । समान ६ खेल खेलेको लुम्बिनीको ६ अंक छ भने पोखराको चार अंक छ । त्यस्तै, पाँच खेल खेलेको जनकपुरको दुई अंक मात्रै छ। जनकपुर अर्को खेलमा शुक्रबार लुम्बिनीसँग र अन्तिम खेलमा आइतबार कर्णाली याक्ससँग प्रतिस्पर्धा गर्नेछ । अहिलेसम्म कर्णालीमा प्लेअफको दौडबाट बाहिरिएको छ। बिहीबार सुदूरपश्चिमले दिएको एक सय १७० रनको लक्ष्य पछ्याउने क्रममा चितवन १२० रनमै समेटियो । चितवनका लागि रवि बोपाराले सर्वाधिक २९ रन बनाए। उनले २३ बलमा एक चौका र दुई छक्का प्रहार गरे।

त्यस्तै, देव खनालले २८, अर्जुन साउँदले १६ र कुशल मल्लले १५ रन बनाए । अन्य खेलाडीले दोहोरो अंक पनि जोड्न सकेनन्।

सुदूरपश्चिमका लागि पुनित मेहराले दुई, दीपेन्द्रसिंह ऐरी, हिक्मत महरा, अविनाश बोहरा र इशान पाण्डेले एक-एक विकेट लिए। यसअघि ब्याटिङ गरेको सुदूरपश्चिमले चार विकेटको क्षतिमा एक सय ६९ रन बनाएको थियो। सुदूरपश्चिमका लागि क्रिस लिनले सर्वाधिक ७५ रन बनाए। उनले ५६ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे।

सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरी र आरिफ शेखले समान २४ रन बनाए। दीपेन्द्रले १४ बलमा दुई छक्का प्रहार गरे भने आरिफले १६ बलमा दुई चौका र एक छक्का प्रहार गरे।

त्यस्तै, प्रारम्भिक ब्याटर विनोद भण्डारीले २१ रन बनाए। उनले १७ बलमा दुई चौका र एक छक्का प्रहार गरेका थिए। पुनित मेहराले १३ रन बनाए भने इशान पाण्डे र हरमित सिंह एक-एक रनमा आउट भए। चितवनका लागि सैब जैबले दुई विकेट लिए। रञ्जित कुमार र जर्ज स्क्रिमसोको नाममा एक-एक विकेट रह्यो।

शुक्रबार जनकपुर बोल्टस् र लुम्बिनी लायन्स प्रतिस्पर्धा गर्नेछ। यो खेल अपराह्न ४ बजे सुरु हुनेछ।

**प्रतिनिधि...**

त्यसक्रममा पोखरेलले दाङ र धनकुटामा आफ्नो पक्षका प्रतिनिधि छनोटमा एकलौटी गरेको भन्दै गुनासो गरेका थिए।

एमालेको ११औँ महाधिवेशनमा ओली र पोखरेल समूह नै बनाएर प्रतिस्पर्धा गर्ने तयारीमा छन् । भेटमा महाधिवेशन प्रतिनिधि चयनमा देखिएको समस्याबारे ध्यानाकर्षण गराएको शाक्यले जानकारी दिइन्।

'अहिले निर्वाचन प्रक्रियामा समस्या आएको छ नि त, ठाउँ ठाउँमा विवाद पर्‍यो । कतिपय ठाउँमा अप्ठ्यारो पर्‍यो,' उनले भनिन्-'त्यो खालको समस्या समाधान होस् भनेर सल्लाह गर्न गएको हो।'

एमालेले गत शनिबार देशभर एकसथा प्रतिनिधि चयन गरेको थियो। दाङ, भोजपुर, ओखलढुंगालगायतका ठाउँमा विवाद देखिएको छ।

केन्द्रीय संगठन विभागले कतिपय ठाउँमा पुनः प्रतिनिधि चयन गर्न निर्देशन दिएको र कतिपय ठाउँमा उजुरी पर्दा समेत नबोलेको भन्दै त्यसमा नेताहरूले ओलीको ध्यानाकर्षण गराएका थिए । शाक्यका अनुसार जवाफमा ओलीले भनेका थिए-'त्यस्तो नहुनु पर्ने, निर्वाचन गरेको भए भइहाल्थ्यो नि।'

अनि पोखरेल समूहका नेताहरूले ओलीलाई सोधेका थिए- 'हामीले पनि त्यही त भनेको हो नि। लोकतन्त्रमा विश्वास गरेपछि लोकतन्त्रक विधिबाटै आएको भए भइहाल्थ्यो नि। किन जालझेल गर्नुपर्‍यो ?'

यसबारे अब ध्यान दिन ओलीलाई सुझाव दिएको शाक्यले जानकारी दिइन् । 'यो अलि भएन, तपाईंले यस्तो कुरामा अलि ध्यान दिनुहोस् भनेका छौं।'- उनले भनिन्।

ओलीसँगको भेटपछि पोखरेललगायतका नेताहरू थापा गाउँमा फेरि छलफलमा जुटेका छन् । मंसिर २७ गतेदेखि सुरु हुने महाधिवेशनमा अध्यक्ष ओलीलाई अध्यक्षमा टक्कर दिन पोखरेलले छुट्टै प्यानल उठाउने तयारी गरेका छन्।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।६।१०गते भुमहीदेख बुटवाल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** : सन्तोष प्रधान
**ठेगानाः** : सुनवल न.पा – १२, नवलपरासी
**बिमा लेख नं.:** : २५११३५०४०
**मोबाईल नंः** : ९८४७१२७२३८


## भिजन लुम्बिनी लिमिटेडको दशौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२।०८।१७**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८२ मंसिर १५ गते सोमबार बिहान ७:३० बजे भर्चूअल (जुममार्फत्) बसेको सञ्चालक समितिको १०८औं बैठकको निर्णयअनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबै शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**
मितिः २०८२ साल पौष १९ गते शनिबार
समयः बिहान ८:०० बजेदेखि
स्थानः दियालो फूडल्याण्ड, बुटवल ९, कालिकानगर

**वार्षिक साधारणसभाका छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावः**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत हुने यस कम्पनीको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा,
२) यस कम्पनीको मिति २०८२ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ कोनाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, शेयर पुँजीमा भएको परिवर्तन, लेखानीति तथा टिप्पणीहरु एवम् सम्वद्ध अनुसुचीहरु तथा सो उपरको लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
३) यस कम्पनीको आर्थिक वर्ष २०८२/८३ को कारोबारको लेखापरिक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा,

**ख) विशेष प्रस्तावः**
१) कम्पनीको चुक्ता पुँजीको दश प्रतिशत लाभांश (कर बाहेक) ले हुन आउने लाभांश अर्थात् वोनस शेयर वितरण गर्ने सम्बन्धमा,
२) आवश्यक प्रकृयाहरु पुरा गरी कम्पनीको जारी पुँजीको २० प्रतिशत शेयर सर्वसाधारणका लागि शेयरको प्राथमिक सार्वजनिक निस्काशन (I.P.O.) जारी गर्ने सम्बन्धमा,
३) कम्पनीको बोनस शेयर जारी गर्दा तथा सर्वसाधारणका लागि शेयरको निस्कासन गर्दा आवश्यक पर्ने शेयर संरचना परिवर्तन, पुँजी वृद्धि तथा सञ्चालकको प्रतिनिधित्व लगायतका विषयमा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने सम्बन्धमा,
४) विभिन्न जलविद्युत् आयोजनाहरुको विकास गर्ने, प्रवर्द्धन गर्ने, त्यस्ता परियोजनाहरुमा लगानी गर्ने लगायत अन्य उपयुक्त उद्यम तथा व्यवसायहरुमा लगानी गर्ने एवम् गरिएका लगानीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा,
५) उपरोक्त विशेष प्रस्तावहरुको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित नियामक निकायहरुबाट प्राप्त हुने थपघट गर्ने, संशोधन गर्ने लगायतका निर्देशनहरुको कार्यान्वयन गर्नका लागि सञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने सम्बन्धमा,

**ग) विविध**

धन्यवाद।

**अध्यक्षको आज्ञाले**
**कम्पनी सचिव**

## शितगंगा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

**प्रकाशित मिति २०८२/०८/१९**

यस कार्यालयबाट मिति २०८२/०७/०२ गतेको मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा विद्युतीय खरिद प्रणाली बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सवैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र स्वीकृत भएको बोलपत्र दाताको नाम | ठेगाना | स्वीकृत रकम (मुअकर सहित) |
|---|---|---|---|---|
| १७ (नि.१४) -२०८२/०८३ | बढीदमार आपचौर डम्रेखर्क सडक स्तरोन्नती | सुन छहारी कन्स्ट्रक्सन प्रा.लि. | कामनपा ३२ काठमाण्डौं | ३२२१७४७.०४ |
| १८ (नि.१५) -२०८२/०८३ | देउराली चिसापानी कल्लेरी सडक स्तरोन्नती | निम्ता कन्स्ट्रक्सन | शितगंगा न.पा. ४ अ.खा. | २७०४५०३.१० |
| १९ (नि.१६) -२०८२/०८३ | हर्रे स्वास्थ्य चौकी भवन निर्माण | पम्फा कन्स्ट्रक्सन | शितगंगा न.पा. १० अ.खा. | ३६३५७१८.९१ |
| २० (नि.१७) -२०८२/०८३ | जलुके कल्लेरी हाडेस्याला तिमिले सडक स्तरोन्नती | पाणिनी निर्माण सेवा | पाणिनी गा.पा. ६ अ.खा. | ३३२१७५५.३३ |
| २१ (नि.१८) -२०८२/०८३ | पोखेडाडाँ पदमे कोहल सेङ्लेङ्ग सडक स्तरोन्नती | समृद्धी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | चन्द्रागिरी ८ काठमाण्डौं | २९००२७३.१० |
| २३ (नि.२०) -२०८२/०८३ | सिमलपानी देउराली सडक स्तरोन्नती | एस एण्ड वि कन्स्ट्रक्सन | मालारानी ५ अ.खा. | १९०२९३७.८५ |
| २४ (नि.२१) -२०८२/०८३ | सिमलपानी देउराली सडक वडा नं. १३ स्तरोन्नती | डि एण्ड पी कन्स्ट्रक्सन | सन्धिखर्क न.पा. १ अ.खा. | २२६७५४१.९६ |

**प्रमुख प्रशासकीय अधिकृत**

# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) लिलाम बढाबढको सिलबन्दी बोलपत्र सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/०८/१९**

यस नगरपालिकाको क्षेत्रभित्र रहेको तपशिलमा उल्लिखित स्थानमा रहेको निम्न परिमाणको नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा) नगर कार्यपालिकाको मिति २०८२/०८/१२ को निर्णय अनुसार लिलाम बढाबढ गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको सिलबन्दी बोलपत्र फारम खरिद गरी रितपूर्वक बोलपत्र दरभाउपत्र पेश गर्न (३०) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | सूचना/ ठेक्का नं. | ठेक्काको नाम | परिमाण घ.मि. | न्यूनतम अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५/०८२/०८३ | नदी जन्यपदार्थ (ढुङ्गा,गिट्टी, बालुवा) लिलाम बढाबढ रानिटार झो.पू. को पश्चिम/उत्तरमा रहेको दुई खण्ड | १०२३८.०० | ३६,८०,६३०.०० | ३,०००/- |

**शर्तहरुः–**

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मिति २०८२/०८/१९ गते देखि ३० दिन (मिति २०८२/०९/२०) गते भित्र गत आर्थिक वर्षका लागि नवीकरण भएको ईजाजत पत्र,आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ।
२) सिलबन्दी बोलपत्र मिति २०८२/०९/२१ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। सिलबन्दी बोलपत्र पेश गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दी बोलपत्रवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।
३) सिलबन्दी बोलपत्रसाथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ।
४) म्याद भित्र दर्ता भएका सिलबन्दी बोलपत्र दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएका, कार्यालयबाट बिक्री नभएको सिलबन्दी बोलपत्र फारम भरी आएका सिलबन्दी बोलपत्रवालाको दस्तखत एवं छाप नभएका र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन। बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
५) सिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफूले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३०००००१००१०००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ।
६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/बेरुजु बाँकी हुनेले फर्छयौट नगरे सम्म सिलबन्दी बोलपत्र खरिद गर्न पाउने छैन।
७) कुनै कारणबस दर्ता भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी बोलपत्रवालाहरुले पालना गर्नु पर्नेछ।
९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# Siddharthanagar Municipality
## Office of the Municipal Executive
Siddharthanagar, Rupandehi

## Invitation for Bids

First Date of Publication: 2082-08-19 (5th December, 2025)

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following goods under sealed quotations.

| S.N. | Contract Identification No. | Description of Goods | Bid Document Fee Amount | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | SNP/GOODS/ SQ-01/ 082/083(MED.) | Supply and Delivery of Medicines to Siddharthanagar Municipality. | NRs. 1000 | NRs. 37,000.00 (thirty-seven Thousand Only) | 2082-09-06 (21st December, 2026) @ 12:00 | 2082-09-06 (21st December, 2026)) @ 13:00 |
| Bank Name | Name of Office | | | Revenue Account Name & No. | | Deposit Account Name & No. |
| Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | | | Antarik Rajaswa (revenue) Khata<br>04-146-01145634-20-8 (ga-1-1) | | Dharauti Khata<br>04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted.
4. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# पाणिनिमा स्थानीय सहभागितामै दिगो विकास



अविजित पन्थी
*अर्घाखाँची*

पाणिनि गाउँपालिका वडा नम्बर ७, अर्घाखाँचीले आर्थिक वर्ष २०८२ र २०८३ का लागि स्वीकृत विकास निर्माण योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले एकदिवसीय उपभोक्ता समिति अभिमुखीकरण, योजना सम्झौता तथा बैंक खाता खोल्ने कार्यक्रम सम्पन्न गरेको छ। उपभोक्ता समितिलाई योजना सम्झौता, कागजात प्रक्रिया तथा बैंक खाता खोल्न गाउँपालिकाको केन्द्र दुर्गाफाँटसम्म धाउनुपर्दा समय, खर्च र झन्झटका कैयौं समस्या आइपर्थे । टाढा-टाढाबाट आउने उपभोक्ता समितिका सदस्यहरूका लागि यात्रामा लाग्ने अतिरिक्त खर्च, काम गर्ने समयमा कमी, पुनः कागजात बुझाउनुपर्ने चुनौती र प्रशासनिक असहजता सामान्य समस्याकै रूपमा थियो । यिनै वास्तविकता र जनसुविधालाई प्राथमिकता दिँदै गाउँपालिकाले वडामै पुगेर योजना सम्झौतादेखि बैंक खाता खोल्ने सबै प्रक्रिया सम्पन्न गरिदिएको हो । यसले उपभोक्ताहरूलाई सहज, सरल र प्रत्यक्ष सेवा उपलब्ध गराएको छ, जसले योजनाहरू समयमै सम्पन्न हुने सुनिश्चिततामा पनि सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

कार्यक्रमको अध्यक्षता वडा नम्बर ७ का वडाध्यक्ष गुनाखर अधिकारीले गरेका थिए। उनले वडामा यस वर्ष १४ वटा उपभोक्ता समितिहरू गठन भइसकेको र ती १४ वटै योजनाहरूको लागत अनुमान तयार भई कार्यान्वयन प्रक्रियामा प्रवेश गरेको जानकारी गराए।

गाउँपालिकासम्म पुग्न टाढा भएकाले वडाबाटै सम्झौता तथा खाता खोल्ने व्यवस्था हुँदा उपभोक्तालाई ठूलो राहत भएको उनको भनाइ थियो । ग्लोबल आइएमइ बैंक दुर्गाफाँट शाखाको टोली वडामै आएर सेवा दिनु उपभोक्तामै सेवा पुऱ्याउने उत्कृष्ट पहल भएको उनले उल्लेख गरे । वडाध्यक्ष अधिकारीका अनुसार गतवर्ष योजनाहरू छिटो सम्पन्न गर्ने वडामध्ये वडा नम्बर ७ पहिलो स्थानमा आएको थियो, र यस वर्ष पनि त्यही परम्परा कायम रहने अपेक्षा गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले उपभोक्ताकै घरदैलोमा सेवा पुऱ्याउने यो अभ्यास स्थानीय शासनको मौलिक सफलताका रूपमा स्थापित भइरहेको बताए । गाउँपालिकाको केन्द्रसम्म टाढा-टाढाबाट आउँदा उपभोक्ताहरूले झेल्ने कठिनाइ हटेर योजना सम्झौता, अभिमुखीकरण र बैंक सेवा एकै दिन वडामै उपलब्ध हुनु विकास प्रक्रियामा समय र स्रोत दुवैको बचत हुने उनको धारणा थियो । उनकाअनुसार, स्थानीय तहले विकास निर्माणमा पारदर्शिता, जिम्मेवारी र जनसहभागिताको संस्कृतिलाई संस्थागत गर्नुपर्छ, र उपभोक्तामै पुगेर सेवा दिने यो अभ्यास त्यही दिशातर्फको महत्वपूर्ण कदम हो।

विशिष्ट अतिथि गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुवर्ण खनालले नेपालले किन उपभोक्ता समिति मोडेल अपनायो भन्ने सैद्धान्तिक पक्षबारे विस्तृत प्रष्ट्याए । विकसित देशहरूमा विकास निर्माणका सबै काम टेन्डर प्रक्रियामार्फत् ठेकेदारद्वारा सम्पन्न हुने र नागरिकको भूमिका कर तिर्ने तथा निगरानी गर्ने तहमा सीमित रहने बताउँदै उनले नेपालजस्तो विकासोन्मुख मुलुकमा स्थानीय जनशक्तिको सहभागिता, रोजगारी सिर्जना र कामको दिगोपन अत्यधिक महत्त्वपूर्ण हुने भएकाले उपभोक्ता समिति मोडेल उपयुक्त छ भन्ने तर्क प्रस्तुत गरेका थिए। उनका अनुसार, उपभोक्ता समितिमार्फत् स्थानीयमै काम गराउँदा संरचनाको माया, संरक्षण र स्वामित्व बढ्छ, जसले कामको गुणस्तर र दीर्घकालीन उपयोगक्षमतामा प्रभाव पार्छ । साथै, कानुनी प्रक्रिया, अभिलेख, खर्चका शीर्षक, कागजातको व्यवस्थापन र योजनाको वित्तीय पारदर्शिताबारे पनि उपभोक्तालाई सचेत रहन आग्रह उनले गरे।

लेखा अधिकृत मोहन खनालले खर्चका शीर्षक, वित्तीय अनुशासन र भुक्तानी प्रक्रियासम्बन्धी व्यावहारिक पक्षमा जानकारी दिँदै उपभोक्ता समिति नै वित्तीय पारदर्शिताको प्रमुख जिम्मेवार रहेको उल्लेख गरे । अनावश्यक खर्च कटौती गरी सबै स्रोत विकास निर्माणमै केन्द्रित गर्न सकिए योजना दिगो र गुणस्तरीय बन्दछ भन्ने उनको जोड थियो।

भौतिक पूर्वाधार शाखा प्रमुख उमानाथ पौडेलले उपभोक्ता समिति विकासका साझेदार भएको बताएका थिए। उपभोक्ता भनेको लाभग्राहीहरूको समूह भएको र उनीहरूले आफै योजना बनाउने, सञ्चालन गर्ने र संरक्षण गर्ने प्रणाली स्थानीय विकासका लागि सबैभन्दा प्रभावकारी मोडेल भएको उनले व्याख्या गरे । खानेपानी, सडक, विद्यालय, मठमन्दिरजस्ता संरचनाहरू जनताको साझा सम्पत्ति भएकाले ती संरचनाहरू जोगाउने, माया गर्ने र दीर्घकालसम्म टिकाइ राख्ने दायित्व सबै उपभोक्ताको भएको उनको भनाइ थियो । गाउँपालिकासम्म धाउनुपर्ने झन्झट हटेर वडामै योजना सम्झौता गर्न सकिँदा समय, पैसा र श्रमको बचत हुने, जसले बचेको स्रोत विकासमा नै लगाउन सकिने उनको जोड थियो।

आन्तरिक लेखा परीक्षण शाखा प्रमुख रामचन्द्र चुँदालीले योजनाको वित्तीय व्यवस्थापनमा कडाइ अत्यावश्यक रहेको स्पष्ट पारे । लागत अनुमानमा तोकिएको काम अनुकूल नबने वा समयमै काम सम्पन्न नभए बेरुजु आउँने भन्दै उनले उपभोक्ता समितिलाई अत्यन्त सावधानीपूर्वक काम गर्न आग्रह गरे । म्याद थप नभएर काम ढिलो हुँदा पनि बेरुजु देखापर्ने भएकाले योजना सम्झौतामा उल्लेखित सबै प्रावधान र मापदण्डको कडाइका साथ पालन गर्नुपर्ने उनको तर्क थियो । कागजात व्यवस्थापन, बिल-भौचर, सार्वजनिक लेखापरीक्षण र खर्चको पारदर्शिताबारे पनि उनले विस्तृत रूपमा जानकारी दिए।

कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, पत्रकार, कर्मचारी र उपभोक्ता समितिका सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरू अत्यन्त उत्साहित देखिन्थे । धेरै उपभोक्ताले योजना सम्झौता, वित्तीय प्रक्रिया, बैंक खाता खोल्ने प्रणाली, अभिलेख व्यवस्थापन र विकास निर्माणमा सावधानी अपनाउनुपर्ने विषयमा विस्तृत बुझाइ पाएको बताए।

समग्रमा, वडा नम्बर ७ ले स्थानीय तहमै सेवा पुऱ्याउने अभ्यासलाई सुदृढ बनाउँदै विकास व्यवस्थापनलाई सहज, पारदर्शी र जनमैत्री बनाएको छ । योजना सम्झौता, बैंक खाता खोल्ने तथा अभिमुखीकरण वडामै सम्पन्न हुनुले स्रोत, समय र श्रमको बचत मात्र होइन, कामको स्वामित्व, दिगोपन र जनसहभागिता बढाउने मार्ग प्रशस्त गरेको छ।

गतवर्ष छिटो योजना सम्पन्न गर्ने अग्रणी वडाको रूपमा स्थापित वडा नम्बर ७ ले यस वर्ष पनि त्यही उपलब्धि कायम गर्ने दृढ संकेत दिएको देखिन्छ। पाणिनी गाउँपालिकाले पालिकाबाट टाढा टाढा रहेका वडाहरूमा वडामै गएर योजना सम्झौता गर्ने काम गरिरहेको छ।

# सुनवलमा सयौं बिघामा व्यवसायिक आलु खेती गर्न सकिने









लुम्बिनी संवाददाता
*सुनवल*

नेपालकै पहिलो निर्यातमूलक फ्रेन्च फ्राइज उत्पादन गरिरहेको उद्योगले पश्चिम नवलपरासीको सुनवलमा पहिलोपटक प्रशोधनयोग्य आलुको व्यवसायिक खेती गराएको छ । फस्ट च्वाइस फुड रुपन्देहीले सुनवलको मिलन एकीकृत कृषि फार्मलाई प्लान्टर मेशिनको प्राविधिक सहयोग गरेर १० बिघा क्षेत्रफलमा आलु खेती गराएको हो । फार्मले महाकवि देवकोटा माविको जग्गा लिजमा लिएर पहिलोपटक प्रशोधनयोग्य आलु खेती गरेको हो।

सुनवलमा व्यवसायिक आलु खेतीको उद्घाटन गर्दै सुनवलकी नगरप्रमुख विमला अर्यालले विदेश समेत निर्यात हुने फ्रेन्च फ्राइज उद्योगले किसानलाई आधुनिक प्राविधिक सहयोग गरेर व्यवसायिक आलु खेती प्रवर्धन गर्नु ज्यादै सकारात्मक रहेको चर्चा गर्दै सुनवल नगरपालिकामा सयौं बिघा खेतमा व्यवसायिक आलु खेती गर्न सकिने सम्भावना रहेको बताइन्।

उनले आगामी वर्ष उद्योगसँग सहकार्य गरेर आलु खेती विस्तारमा नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाइन् । निर्यातमूलक स्वदेशी उद्योगलाई प्रवर्धन गर्नु तीनै तहका सरकारको दायित्व भएको नगरप्रमुख अर्यालले बताइन् । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले व्यवसायिक आलु खेती प्रवर्धन गर्न सहज हुने गरी नीति र कार्यक्रम बनाइने बताए।

फार्मका अध्यक्ष दीपक ढकालले उद्योगको प्लान्टर मेशिन, उन्नत जातको बिउ, मलगायत प्राविधिक सहयोगले व्यवसायिकरुपमा आलु खेती गर्न सहज भएको बताए । उद्योगको किसानमैत्री व्यवहार र जति धेरै उत्पादन गरे पनि बजारमूल्यभन्दा केही बढी मूल्यमा खरिद गरिदिने सुनिश्चित गरेकाले आगामी दिनमा थप जग्गामा आलु खेती गर्न उत्साह मिलेको ढकालले बताए।

कार्यक्रममा जिल्ला सहकारी संघद्वारा सञ्चालित कोल्ड स्टोरलाई मिलन एकीकृत कृषि फार्मले उत्पादन गर्ने आलु भण्डारण गर्न दिन तयार रहेको कोल्ड स्टोर सञ्चालक समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलले प्रतिबद्धता जनाएका थिए।

फस्ट च्वाइस फुडका सञ्चालक कृष्ण पौडेलले 'किसानको पौरख : नेपालको गौरव' भन्ने नारासहित उद्योगले नेपालका किसानलाई आत्मनिर्भर बनाउँदै उनीहरुको आर्थिक जीवनस्तर उकास्ने लक्ष्य राखेर काम गरेको बताए। सरकारले प्रोत्साहन गरेमा मात्रै किसानहरु व्यवसायिक खेतीमा टिकिरिहने र उद्योगले उत्पादन बढाएर फ्रेन्च फ्राइज अमेरिका, बेलायत, भारतलगायत विभिन्न देशमा निर्यात गरी नेपालको व्यापार घाटा कम गराउन सक्ने भएकाले सरकारले नीतिगत सहजता बनाइदिनुपर्ने बताए।

फ्रेन्च फ्राइज उद्योगलाई कच्चा पदार्थका रुपमा वार्षिक ४० हजार मेट्रिक टन उन्नत जातको गुणस्तरीय आलु चाहिने भएकाले कन्ट्र्याक्ट फार्मिङ अवधारणाअनुसार उद्योगले पश्चिम नवलपरासी, कैलालीलगायत करिब ३० जिल्लाका ३५ हजार किसानमार्फत चालु आर्थिक वर्षमा ३० हजार मेट्रिक टन आलु उत्पादन गर्ने लक्ष्य लिएर आलु रोप्ने प्लान्टर मेशिन भित्राएर किसानलाई प्राविधिक सहयोग गरिरहेको छ।

भारतबाट ल्याएको प्लान्टर मेशिनले ८ घण्टामा ५० बिघामा आलु रोप्न सक्ने उद्योगका सञ्चालक पौडेलले बताए । भारतबाट ६ जना प्राविधिक समेत ल्याएर किसानलाई मेशिनबाट आलु रोप्ने तरिका समेत उद्योगले सिकाएको छ। प्लान्टर मेशिनले खेत खन्दा गहिरो खाडल बनाउने भएकाले धेरै आलु फलाउन सकिन्छ।

प्लान्टर मेशिनबाट आलु खेती गर्नका लागि एकै प्लटमा कम्तीमा १० बिघा खेत हुनुपर्ने प्राधान छ । किसानको उत्पादन लागत कम होस्, कृषि मजदुरको अभावले ठूलो क्षेत्रफलमा व्यवसायिक खेती गर्न समस्या नहोस् भनेर प्लान्टर मेशिन भित्राएको पौडेलले स्पष्ट पारे।

उद्योगले उत्पादन गर्ने फ्रेन्च फ्राइज अमेरिका, बेलायत, भारतलगायत देशमा निर्यात हुन सुरु भइसकेको हुँदा गुणस्तरीय आलुको आपूर्ति सहज बनाउन किसानलाई आधुनिक प्रविधि, बिउ र मलमा सहयोग गरेर व्यवसायिक खेतीलाई प्रोत्साहन गरेको उद्योगका सञ्चालक पौडेलले बताए।

उद्योगले आलु रोप्ने मेशिनसँगै आलु खन्ने मेशिन पनि भित्राउने तयारी गरेको छ।

नेपालका करिब ३० जिल्लाका ३५ हजार किसानलाई उन्नत जातको आलु खेती गराइरहेको उद्योगले चालु वर्षमा ३० हजार मेट्रिक टन आलु खरिद गर्ने लक्ष्य राखेको छ। वार्षिक ४० हजार मेट्रिक टन आलु प्रशोधन गरी फ्रेन्च फ्राइज उत्पादन गर्ने उद्योगको क्षमता रहेको छ। कैलाली, पश्चिम नवलपरासी र तराईका सर्लाहीलगायत जिल्लाहरुमा पनि प्लान्टर मेशिनबाट आलु खेती विस्तार गर्ने तयारी रहेको उद्योगले जनाएको छ।

कन्ट्र्याक्ट फार्मिङलाई देशभर विस्तार गरी उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्तिसँगै भविष्यमा आलुको निर्यात समेत गर्न सकिने पौडेल बताउँछन्। 'नेपालको हावापानीमा फलेको आलुका परिकार र आलु स्वादिष्ट हुने भएकाले विदेशमा समेत उच्च माग छ,' उनले भने-'राज्यको प्रोत्साहन हुने हो भने आलुमा देशलाई आत्मनिर्भर गराउन सकिन्छ।'

नेपालमा खपत हुने फ्रेन्च फ्राइज हालसम्म विदेशबाट आयात हुने गरेको थियो । अब ७५ प्रतिशत आयात विस्थापित भइसकेको र एक वर्षभित्रै पूरै आयात विस्थापन गर्ने लक्ष्य रहेको सञ्चालक पौडेल बताउँछन्।

उद्योगले युरोपियन प्रविधिमा आधारित आलु प्रशोधन उद्योगबाट फ्रेन्च फ्राइजसँगै केही महिनाभित्रै आलु टिक्की, बर्गर प्याटी, स्माइली, ह्यास ब्राउनलगायत परिकार उत्पादन सुरु हुने पौडेलले जनाए।

# भिजन लुम्बिनीको १० प्रतिशत बोनस शेयर वितरण




बुटवल । भिजन लुम्बिनी लिमिटेडले १० प्रतिशत बोनस शेयर वितरण गर्ने भएको छ । आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनअनुसार १ हजार जना शेयर सदस्य वापत एक लाखमात्र कायम हुने शेयर सदस्यहरुलाई १० प्रतिशत बराबरको वोनश शेयर कायम हुने गरी वितरण गर्ने सञ्चालक समितिले निर्णय गरेको छ।

रुपन्देहीको बुटवलबाट स्थापना भएको यस संस्थाले आरम्भ चौतारी लघुवित्त संस्था, हिमस्टार उर्जा कम्पनी लि., भिजन लुम्बिनी उर्जा कम्पनी लि., ट्रृष्ट माइक्रो इन्सोरेन्स लि., रुपन्देही र कास्कीमा संस्थाको नाममा रहेको जग्गामा, नमोबुद्ध उर्जा कम्पनी प्रा.लि.मा लगानी र नयाँ उर्जा उत्पादनको अघि बढिसकेको प्रकृयामा समेत लगानी गरिसकेको छ।

भिजन लुम्बिनीलाई राष्ट्रियस्तरमा भिजन नेपालका रूपमा अगाडि बढाउन लागिएको कम्पनीका अध्यक्ष जगतबहादुर पोखरेलले बताए । अब भिजन लुम्बिनीलाई थप विस्तार गरी भिजन नेपालको वृहत् अवधारणा बनाइएको उनले जनाए । विक्रम संवत् २०७३ सालबाट सुरु भएको भिजनमा कर्पोरेट कल्चर र विधिको शासन स्थापित गर्न खोजिएको उनको भनाइ छ।

१० वर्षअघि स्थापित संस्थाले अहिले करिब १० वटा फरक-फरक संस्थाको नेतृत्व गरेको र सेती नदीको २५ मेगाघाट जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी पोखरामा बिजुली उत्पादनसमेत भइरहेको छ।

भिजनले अहिले उर्जा, पर्यटन, वित्त, शिक्षा, स्वास्थ्य, कृषि तथा सूचना प्रविधिका क्षेत्रमा लगानी गरेको संस्थाले जनाएको छ।

अन्तरविद्यालय टी-२० क्रिकेटः

# कुँवरवर्ती र होराइजन जीबीएस विजयी




भैरहवा । भैरहवामा जारी स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबार भएका दुई खेलमा कुँवरवर्ती सेकेन्डरी स्कूल र होराइजन जीबीएस विजयी भएका छन् । कुँवरवर्तीले दीप बोर्डिङ् स्कूललाई ४८ रनले हराउँदा होराइजनले बृहष्पति स्कूललाई ५ विकेले पराजित गरेको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको कुँवरवर्तीले ६ विकेट गुमाएर १ सय ३२ रनको योगफल खडा गर्यो। उसका लागि अन्जित क्षेत्रीले ३७, उपेश सेनले ३४, कृष्ण विकले नटआउट २०, रोहन न्यौपानेले १३ र रवि कार्कीले ११ रनको योगदान गरे। बलिङमा दीप बोर्डिङका सचिन पुरीले ३, कृजन गौतमले २ तथा रियोन ढकालले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको दीप बोर्डिङ्ले ९ विकेटको नोक्सानीमा ८४ रन मात्रै बनायो। उसका लागि नजिम अलीले ३२ र रियोन ढकालले ११ रन बनाए पनि अन्य ब्याटरले दोहोरा अंकमा रन बटुल्न सकेनन् । बलिङमा कुँवरवर्तीका अन्जित क्षेत्रीले ३, आरोह विकले २ तथा दीप्सन पौडेल र रन्जित बावियाले १-१ विकेट लिए । अन्जित क्षेत्री प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको बृहष्पतिले ८ विकेट गुमाएर ७१ रन बनायो। उसका लागि मिलन मगरले २० र कोशिश ज्ञवालीले १७ रन बनाए । बलिङमा होराइजनका सुनिल लोधले ३, कुशल पौडेलले २ तथा शिवप्रसाद यादव, सहज अर्याल र शान अली मुसलमानले समान १-१ विकेट लिए।

जवाफमा होराइजनले १३ ओभर ५ बलमा ५ विकेट गुमाएर ७२ रन बनाउँदै जित निकाल्यो। उसको जितमा सुनिल लोधले २१ र रवि पन्थले अविजित ११ रनको योगदान गरे। बलिङमा बृहष्पतिका प्रेम गुप्ताले ३ तथा अदनान खानले १ विकेट लिए। सुनिल लोध प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् । प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ। प्रतियोगितालाई पर्वत ज्वेलर्स भैरहवाले प्रायोजन गरेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत ५१ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com